**सूर्योदय नगरपालिकाको साझा सुविधा केन्द्र सञ्चालन तथा व्यवस्थापन (प्रथम संशोधन) कार्यविधि, २०८१**

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८१।०८।१६ गते

प्रस्तावना: यस कार्यविधि बमोजिम सू.न.पा.६ स्थित कन्याममा सञ्चालनमा रहेको साझा सुविधा केन्द्रलाई थप व्यवस्थित, प्रभावकारी र सेवाग्राहीमैत्री बनाउन उक्त कार्यविधिको दफा १४ पछाडि तपसिल बमोजिम दफा १५ थप गरी संशोधन गर्न बाञ्छनीय भएकाले यो संशोधन मस्यौदा कार्यपालिका समक्ष पेश गरिएको छ।

**१. संक्षिप्त नाम र प्ररम्भ:** (१) यो कार्यविधिको नाम “सूर्योदय नगरपालिकाको साझा सुविधा केन्द्र सञ्चालन तथा व्यवस्थापन (प्रथम संशोधन) कार्यविधि, २०८१” रहनेछ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई प्रमाणीकरण भए पश्चात् तुरुन्त लागु हुनेछ।

**२. विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:**

(१) “मूल कार्यविधि” भन्नाले “सूर्योदय नगरपालिकाको साझा सुविधा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०” सम्झनुपर्छ।

**३. मूल कार्यविधिको दफा १४ पछाडी तपसिल बमोजिम दफा १५ थप गरिएको छ।**

(१) "१५. विशेष व्यवस्थाः (१) दफा ८ को उपदफा (७) बमोजिम सम्झौता भई सटर सञ्चालन गर्ने क्रममा प्राकृतिक विपत्ति, महामारी, आम हड्ताल, आर्थिक मन्दीका कारणले व्यवसाय सञ्चालनमा बाधा अवरोध भएमा वा स्थानीय कृषि उपजहरु बजारीकरणका लागि बिक्री वितरण गर्ने व्यवसाय सञ्चालन गरेमा बढीमा ३० प्रतिशतसम्म भाडा रकममा सहुलियत वा छुट प्रदान गर्न सक्नेछ।"